**निर्णय नं. १ :**

यस नगरपालिकाबाट यस पूर्व गरिएका निर्णयहरुको कार्यान्वयन अवस्था बारे प्रगति समीक्षा र छलफल गर्दा सन्तोषजनक रहेको पाइयो, बाँकी कार्यक्रमहरु निर्धारित कार्यतालिका भित्रै सम्पादन हुने गरी कार्यान्वयनमा लैजाने निर्णय गरियो ।

**निर्णय नं. २ :**

यस नगरपालिकाभित्र भूमीको वर्गीकरण, समुचित उपयोग र प्रभावकारी व्यवस्थापनको लागि भू-उपयोग योजनाको आधारपत्र, भू उपयोग क्षेत्र तथा भू-उपयोग योजना तर्जुमा गरी भू-उपयोग योजना विज्ञको समेत सहयोग लिई तयारी एवं कार्यान्वयन गर्ने निर्णय गरियो । उक्त कार्यका लागि विनियोजन भएको बजेट अपुग भएमा लाग्ने थप बजेट समेत उपयुक्त शीर्षकबाट व्यवस्थापन गरी कार्य अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. ३ :**

गण्डकी प्रदेश सरकार आर्थिक मामिला मन्त्रालयबाट अन्तर सरकारी वित्त हस्तान्तरणका कार्यका (विशेष अनुदान, समपुरक अनुदान) लागि देहाय बमोजिमका आयोजना तथा कार्यक्रम प्राथमिकताका साथ कार्यान्वयन हुने गरी पेश गर्ने निर्णय गरियो ।

**समपुरक अनुदान अन्तरगतका योजनाहरु**

१. समपूरक अनुदान - नयाँबजार ठुलाडिही-मसर्का-मोहरिया सडक, पुतलीबजार – ७ (अनुमानित रु १ करोड)
२. कान्छीबजार-नारायणगढ-लुम्दी ग्रा.स. (अनुमानित रु १ करोड)
३. विर्ता साउनेपानी हुँदै कुमलटारी ग्रा.स. (अनुमानित रु १ करोड)

**विशेष अनुदान अन्तरगतका योजनाहरु**

१. चितीकुना खानेपानी योजना, पुतलीबजार -३ (अनुमानित रु १ करोड)
२. सामाग्रीचोक-गोदार गाउँ-नुवाकोट ग्रा.स. (अनुमानित रु १ करोड)
३. घुम्ति चिसापानी सडकको सतिडाँडा-थुम्कीडाँडा ग्रा.स. ४.५ कि.मी (अनुमानित रु १ करोड)

**निर्णय नं. ४ :**

पर्यटन बोर्डको स्वीकृत बजेट, योजना तथा कार्यक्रम कार्यान्वयन दिग्दर्शन २०७९ बमोजिम निर्धारित समय मै सम्पन्न हुने गरी आ आफ्नो वडाका सम्बन्धित सामुदायिक संगठन तथा उपभोक्ताहरु परिचालित गरी कार्यान्वयनमा ल्याउने निर्णय गरियो ।

**निर्णय नं. ५ :**

यही २०८० बैशाखको पहिलो हप्ता व्यक्तिगत घटना दर्ता सप्ताहको रुपमा सबै वडा कार्यालयहरुले मनाउने निर्णय गरियो ।

**निर्णय नं. ६ :**

२०८० बैशाख १ गते वा नयाँ श्रम स्वीकृति र पुन श्रम स्वीकृतिको अनलाइन फर्म नगरपालिकाको रोजगार सेवा केन्द्रबाट भर्ने कार्यको सुरुवात गर्ने निर्णय गरियो ।

तुलसी राम रेग्मी
नगर प्रमुख

**निर्णय नं. ७ :**

यही २०७९ चैत्र २९ गते बुधवार नगरपालिकाको वडा नं. ५,६ र ७ लाई पायक पर्ने संगमस्थल हरिहर मन्दिर तथा ज्येष्ठ नागरिक सेवा केन्द्र पु.ब.न.पा. ७ नयाँ बजारमा बिहान ११ बजे सार्वजनिक सुनुवाइ कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो।

**निर्णय नं. ८ :**

घर अभिलेखिकरण तथा कायम गर्ने कार्यको म्याद यही २०७९ चैत्र मसान्त सम्म कायम भएकोमा पुन ३ महिना म्याद थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९ :**

कार्यपालिकाको पूर्व निर्णय तथा नगर सभाको निर्णय अनुसार नाम तथा स्थान परिवर्तन गर्न वडा समितिलाई प्रदान गरिएको अधिकार बमोजिम परिवर्तनका लागि पेश हुन आएको देहाय बमोजिमका परिवर्तित योजना तथा कार्यक्रम नगर सभाबाट अनुमोदन हुने गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

| क्र.सं. | साविकको योजना तथा कार्यक्रम र बजेट : | परिवर्तित योजना तथा कार्यक्रमको नाम र बजेट : |
|---|---|---|
| १ | डहर माथि देखि झाक्रीथर जाने गोरेटो बाटो- रु.७०,०००।- पु.ब.न.पा. २ | देवीथान काभ्रे-झाक्रीथर हुँदै हुनिकोट खर्क खण्डमा सडक निर्माण तथा मर्मत - रु.७०,०००।– पु.ब.न.पा. २ |
| २ | नुरे इस्लामिक मदरसा मर्मत - रु.१,००,०००।- पु.ब.न.पा. ३ | नरे इस्लामिक मदरसा व्यवस्थापन - रु.१,००,०००।- पु.ब.न.पा. ३ |
| ३ | कब्रस्थान संरक्षण - रु.१,००,०००।- पु.ब.न.पा. ३ | कब्रस्थान शौचालय निर्माण - रु.१,००,०००।- पु.ब.न.पा. ३ |
| ४ | कामीगाउँ प्रतिक्षालय पक्की गोरेटो बाटो - रु.७५,०००।- पु.ब.न.पा. ३ | भालुखोला नयाँबारी खानेपानी - रु.७५,०००।- पु.ब.न.पा.३ |
| ५ | अरौदीको भिरमुनि कुल देखि घरसम्म जाने गो.बाटो निर्माण - रु.५०,०००।- पु.ब.न.पा. ३ | कुनाखेत सामुदायिक भवन - रु.५०,०००।- पु.ब.न.पा. ३ |
| ६ | दमौरैग्रहा मुलकुती जाने गोरेटो बाटो - रु.१,००,०००।- पु.ब.न.पा. ३ | दमौरैग्रहा मुलकुती जाने गोरेटो - रु.६२,०००।- पु.ब.न.पा. ३ |
| | | कुनाखेत सामुदायिक भवन - रु.१८०००।- पु.ब.न.पा. ३ |
| | | रानीस्वाँरा खानेपानी मोटर खरिद - रु.२०,०००।- पु.ब.न.पा. ३ |
| ७ | वडा विपद व्यवस्थापन - रु.१,५०,०००।- पु.ब.न.पा. ४ | वडा भित्रका बाटो सरसफाई - रु.६०,०००।- पु.ब.न.पा. ४ |
| | | धारापानी गोरेटो बाटो मर्मत - रु.५०,०००।- पु.ब.न.पा. ४ |
| | | वनपाले पारीको बारी हुँदै ठुलीबेंसी जाने गोरेटो बाटो मर्मत - रु.४०,०००।- पु.ब.न.पा. ४ |

तुलसी राम रेग्मी
नगर प्रमुख

| | | |
|---|---|---|
| ८ | रामकोश धारापानी खानेपानी मर्मत - रु.५०,०००।- पु.ब.न.पा. ४<br>थुम्की लामपोखरी खानेपानी मर्मत - रु.५०,०००।- पु.ब.न.पा. ४ | पाईप खरिद - रु.१,००,०००।- पु.ब.न.पा. ४ |
| ९ | साउथर गोठिङ्ग गोरेटो बाटो - रु. ५०,०००।- पु.ब.न.पा. ४ | साउथर धारादेखि वान्नामुनी हुदै जाने गोरेटो बाटो - रु.५०,०००।- पु.ब.न.पा. ४ |
| १० | लक्षित वर्ग आयआर्जन कार्यक्रम - रु.१,४०,०००।- पु.ब.न.पा. ५ | महिला आयआर्जन - रु.८०,०००।- पु.ब.न.पा. ५<br>नेवार संस्कृति भेषभुषा संरक्षण - रु.१५,०००।-<br>गुरुङ समुदायको टोटे पर्व संरक्षण - रु.१५,०००।-<br>मगर समुदाय भाँडा खरिद - रु.१५,०००।-<br>भुजेल जातिको सांस्कृतिक सामान खरिद -रु.१५,०००।- |
| ११ | किरिया पुत्री भवन निर्माण - रु.१,००,०००।- पु.ब.न.पा. ५ | विचारी रह खानेपानी मर्मत -रु.१,००,००० पु.ब.न.पा. ५ |
| १२ | कलीथोक गर्ना देखि सुन्दरखोला मोटरबाटो निर्माण रु.१,५०,०००।- पु.ब.न.पा. ८ | ठान बहादुर सिंहको घर देखि गर्ना टोल जाने गोरेटो बाटो निर्माण रु.१,५०,०००।- पु.ब.न.पा. ८ |
| १३ | प्रगतिनगर शिव मन्दिर हुँदै नगरपालिका गेट सम्म नाला मर्मत रु १५००००/- पु.ब.न.पा -१ | • भूपू सैनिक टोल हुँदै गोपालको घर निस्कने नाला निर्माण – रु १,३०,००० /- पु.ब.न.पा -१<br>• प्रगतिनगर शिव मन्दिर हुँदै नगरपालिका गेट सम्म नाला मर्मत रु २०,०००/- पु.ब.न.पा -१ |
| १४ | अर्यालथर वाल निर्माण रु २,००,००० /- पु.ब.न.पा -१ | अर्यालथर नाला तथा वाल निर्माण रु २,००,०००/- पु.ब.न.पा -१ |
| नगरपालिका तर्फ | | |
| १ | पूर्ण सरसफाई उन्मुख वातावरणमैत्री पालिका घोषणाको कार्यान्वयन - रु.१९,००,०००।- | फोहोर मैला व्यवस्थापन तथा सेनिटरी साइट निर्माण तथा सञ्चालन एवं व्यवस्थापनको DPR निर्माण एवं कार्यान्वयन - रु.१९,००,०००।- |

**निर्णय नं. १० :**

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत देहाय बमोजिमका योजना तथा कार्यक्रमहरु सम्बन्धित वडाहरुबाट सिफारिस भई आए बमोजिम सम्बन्धित शीर्षकबाट खर्च व्यहोरिने गरी कार्यान्वयनमा लैजाने निर्णय गरियो ।

| वडा नं.३ | | |
|---|---|---|
| **क्र.सं.** | **योजनाको नाम** | **रकम** |
| १ | मन्दिरदेखि छापासम्म गोरेटो बाटो | रु.१,००,०००।- |
| २ | चाक्लेदेखि काफलडाँडासम्म गोरेटो बाटो | रु.१,००,०००।- |

तुलसी राम रेग्मी
नगर प्रमुख

वडा नं.४

| क्र.सं. | योजनाको नाम | रकम |
|---|---|---|
| १ | सिद्धार्थ राजमार्ग स्वास्थ्य चौकी सडक सरसफाई | रु.२०,०००।- |
| २ | सिद्धार्थ राजमार्ग विरुवा हुदै पिङ्गहाल्ने डाँडा सडक सरसफाई | रु.३०,०००।- |
| ३ | राजाको बाँध सौदाह रानाको चौतारी कुलो सरसफाई | रु.२०,०००।- |
| ४ | धारापानी गोरेटो मर्मत | रु.२०,०००।- |
| ५ | लाम्चेको डहर सरसफाई | रु.१०,०००।- |
| ६ | मुखियाथर देखि ठकुरीको घरसम्म जाने बाटो सरसफाई मर्मत | रु.१०,०००।- |
| ७ | वनपाले पारीको वारी हुँदै ठुलीबेंसी जाने गोरेटो बाटो | रु.२२,०००।- |

**निर्णय नं. ११ :**

यस नगरपालिकाका विभिन्न वडामा मेलमिलाप केन्द्र स्थापना, गठन तथा परिचालन गराइ न्याय सम्पादन तथा न्यायिक निरुपणका क्रियाक्लापहरु सञ्चालन गर्ने र सबै वडामा विनियोजित बजेटबाट नपुग हुने स्थिति भएमा यस आ.व.मा १/२ वटा वडामा सञ्चालन गर्न आवश्यक पर्ने बजेट व्यवस्थापन गरी कार्य अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. १२ :**

देव आशिष निर्माण सेवा पु.ब.न.पा. ३ लाई घ वर्गको निर्माण व्यवसायी ईजाजत पत्र तथा लाइसेन्स प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३ :**

वडा नं. ४ वडा कार्यालय व्यवस्थापन तथा अन्य पूर्वाधार निर्माण एवं व्यवस्थापनका लागि रु.८०,०००।- रकम विविध कोषबाट व्यस्थापन गरी उपलब्ध गराउने निर्णय गरियो ।

तुलसी राम रेग्मी
नगर प्रमख